# लोक सेवा आयोग
## जुम्ला कार्यालय

खलङ्गा, जुम्ला

### रा.प. अनं. प्रथम श्रेणी, (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना

**सूचना नं १९/०७८-७९, मिति २०७९/०२/०५**

लोक सेवा आयोग, सुर्खेत कार्यालय, सुर्खेतको वि.नं. १४७५२-१४७५६/०७७-७८ (खुला तथा समावेशी), संयुक्त र एकिकृत परीक्षा प्रणाली अन्तर्गत रा.प. अनं. प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको लागि **जुम्ला परीक्षा केन्द्र राखी** साथै सुर्खेत परीक्षा केन्द्र राखी जुम्ला परीक्षा केन्द्र परिवर्तन गरिएका प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उत्तिर्ण भएका सबै उम्मेदवारहरुको द्वितीय चरणको द्वितीय र तृतीय पत्रको प्रतियोगितात्मक लिखित परीक्षाको देहायको मिति, समय र स्थानमा लोक सेवा आयोगको मिति २०७८/०३/१४ गतेको निर्णयवाट नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगवाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेश्रो संशोधन) को पालना गर्ने गराउने गरी प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम:**

| क.सं. | पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति | समय | अवधि |
|---|---|---|---|---|---|---|
| १. | द्वितीय | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन(सबै सेवा समूहको लागि) | विषयगत | २०७९/२/२१ गते | विहान ७:०० बजे | २ घण्टा ३० मिनेट |
| २. | तृतीय (सेवा समूह सम्बन्धी) | प्रशासन, सामान्य प्रशासन | | २०७९/२/२२ गते | | |
| | | प्रशासन, लेखा | | २०७९/२/२३ गते | | |
| | | प्रशासन, राजश्व | | २०७९/२/२४ गते | | |
| | | न्याय, न्याय, कानून र सरकारी वकील | | २०७९/२/२५ गते | | |

**लिखित परीक्षा केन्द्र (द्वितीय र तृतीय पत्र सबै सेवा समूहका लागि)**

| क. सं. | उम्मेदवारहरुको रोल नं. | | परीक्षार्थी संख्या | सेवा/ समूह/ उपसमूह | अवधि | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| १. | ७३०००३ | ७३०२२४ र ६५०६२२ | ६७ | एकिकृत तथा संयुक्त | २ घण्टा ३० मिनेट | लोक सेवा आयोग, जुम्ला कार्यालय, जुम्लाको परीक्षा हल |
| २. | ७३०००३ | ७३०२२४ | ५५ | प्रशासन, सामान्य प्रशासन | | |
| ३. | ७३०००३ | ७३०२०१ र ६५०६२२ | ३० | प्रशासन, लेखा | | |
| ४. | ७३०००३ | ७३०२२४ | २२ | प्रशासन, राजश्व | | |
| ५. | ७३००११ | ७३०१९६ र ६५०६२२ | २१ | न्याय, न्याय, कानून र सरकारी वकील | | |

**द्रष्टव्य :-(परीक्षार्थीहरुले अनिवार्य पालना गर्नु पर्ने विषयहरु)**

१. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित गराईने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले एक दिन अगाडी नै आयोगको जुम्ला कार्यालयबाट अनिवार्य लिइसक्नु पर्नेछ । परीक्षा शुरु हुन भन्दा१ (एक) घण्टा अगावै परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

२. परीक्षा दिन आउँदा नेपाली नागरिकताको सक्कल प्रमाण-पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र विना परीक्षामा सम्मिलित गराइने छैन ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

४. परीक्षा भवनमा झोला, मोवाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।

५. परीक्षामा कालो मसी भएको कलम/डट्पेन मात्र प्रयोग गर्नु पर्नेछ ।

६. उम्मेदवारले अनिवार्य रुपमा मास्क लगाइ परीक्षा केन्द्रमा प्रवेश गर्नु पर्ने छ । साथै आफ्नो प्रयोजनको लागि स्यानिटाइजर तथा खानेपानी स्वयंले लिई आउनु पर्ने छ ।

७. परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कदा एक आपसमा भौतिक दुरी कायम गर्नु पर्नेछ ।

८. परीक्षार्थीहरुले समूहमा भेला हुने जस्ता कार्यहरु गर्न निषेध गरिएको छ ।

९. सवै उम्मेदवारहरुले आफ्नो स्वास्थ्य अवस्थाको वारेमा आयोगको Web Site मा गई विद्युतीय माध्यमवाट कोभिड सम्बन्धी स्वयम् घोषणा फारम अनिवार्य रुपमा भर्नु पर्नेछ ।

१०. **कोभिड-१९** बाट संक्रमित बिरामीको लागि लोक सेवा आयोग, जुम्ला कार्यालयमा विशेष परीक्षा केन्द्र व्यवस्था गरिएकोले सम्वन्धित उम्मेदवारले यस कार्यालयको फोन नं. ०८७-५२०००८ वा ईमेल ठेगाना jumla@psc.gov.np मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

| | | |
|---|---|---|
| ........................ | ............................ | ......................... |
| (धनकृष्ण खत्री) | (लोकप्रसाद रेग्मी) | (राजन राई) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |